# कञ्चनरुप नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, कंचनपुर, सप्तरी

**बाऱ्हौं नगरसभाध्यक्ष महोदय,**
**नगर सभाका सदस्यहरू,**

१. यस गरिमामय बाऱ्हौं नगर सभामा कञ्चनरुप नगरपालिका नगर कार्यपालिकाको जेष्ठ सदस्यको हैसियतले आगामी आर्थिक वर्ष २०८२।०८३ को नीति तथा कार्यक्रम वजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. सर्वप्रथम संघीय लोकतान्त्रिक गणतन्त्र स्थापनाका लागि अमूल्य जीवन उत्सर्ग गर्नु हुने प्रातः स्मरणीय महान सहिदहरुप्रति श्रद्धा सुमन अर्पण गर्दछु। यस क्रममा भएका सबै आन्दोलन तथा संघर्षको नेतृत्व गर्नु हुने अग्रजहरु प्रति उच्च सम्मान व्यक्त गर्दछु।

३. नेपालको संविधानले नेपालको स्वतन्त्रता, सार्वभौमिकता, भौगोलिक अखण्डता, राष्ट्रिय एकता, स्वाधिनता र स्वाभिमानिको संरक्षण गर्दै जनताको स्वायतता र सुशासनको अधिकारलाई संस्थागत गरेको छ। संविधानद्वारा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्र अन्तर्गत तीनै तहका सरकारहरु सक्रिय रुपमा सञ्चालनमा रहेका छन्।

**सभाध्यक्ष महोदय एवं नगरसभाका सदस्यज्यूहरु**
**कञ्चनरुप नगरपालिकाको बाऱ्हौं नगर सभाका आ.व.२०८२।०८३ को नीति तथा कार्यक्रमबजेटको प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।**

४. कञ्चनरुप नगरकार्यपालिकाले आर्थिक वर्ष २०८२।०८३ का लागि नीति तथा कार्यक्रम तयार गर्दा नेपालको संविधान, संघीय सरकारको आ.व. ०८२।०८३ को नीति तथा कार्यक्रम मधेश प्रदेश सरकारको नीति तथा कार्यक्रम आवधिक योजना, विभिन्न दीर्घकालीन क्षेत्रगत नीतिहरु, दिगो विकासका लक्ष्यहरु, नेपाल सरकारका दस्तावेजहरुलाई मार्गदर्शकका रुपमा अवलम्बन गरिएको छ।

५. आर्थिक वर्ष २०८२।०८३ का लागि विषयगत शाखाहरुद्वारा देहायका सोच र दृष्टिकोणलाई मार्गदर्शनको रुपमा ग्रहण गरी नीति तथा कार्यक्रममा समावेश गरिएको छ।

६ विकासको शिघ्र प्रतिफल प्राप्त हुने र चालु आ.व.मा सम्पन्न हुने आयोजना/योजनाहरु कार्यान्वयनमा ल्याईनेछ।

७ गुणस्तरीय र जीवनपयोगी शिक्षा, सूचना प्रविधिको विस्तार आधारभूत स्वास्थ्य तथा खानेपानी लगायतका सामाजिक, आर्थिक तथा भौतिक पूर्वाधार विकास तथा निर्माण र सु-शासनलाई प्राथमिकतामा राखिनेछ।

सभाध्यक्ष महोदय एवं नगर सभाका सदस्यज्यूहरु

म आगामी आ.व.२०८२।०८३ को विषयगत रुपमा नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु।

**१. आर्थिक विकास :**

**१.१ कृषि क्षेत्र :**

१.२. कृषि विद्युतिकरणलाई विस्तार, निःशुल्क कृषि मिटर, सिंचाई प्रयोजनका लागि हरेक वडाका वस्तीहरुमा कृषि विद्युतिकरण कार्यक्रममा वजेट विनियोजन गर्ने छु।

१.३. कृषि उत्पादनमा वृद्धि गर्न र कृषकहरुको मनोवल उच्च राख्ने लागत साँझेदारीमा कृषि विऊ, विजन, फलफूलका विरुवा, मल खाद, कृषि औजार, किटनाशक, विषादी, कृषकलाई सहज रुपमा उपलब्ध गराइनेछ। गुणस्तरिय मौसमी, वहुवर्षिय र वेमौसमी खेती प्रवर्द्धनमा निरन्तरता दिइनेछ।

१.४. कृषि र पशुपंक्षीमा लाग्ने विभिन्न रोग/महामारी/किराहरुको नियन्त्रण, रोकथाम, उपचार र परामर्शका लागि आवश्यक वजेट विनियोजन गरिने छ।

१.५ सिंचाई क्षेत्रको वृद्धि गरी कृषि उत्पादन र उत्पादकत्व वृद्धि गर्न डिप वोरिङ्ग र समर्सियल जडान कार्यक्रमको व्यवस्था मिलाइने छ।

१.६. मलखाद्य सहज आपूर्तिको लागि अधिकृत विक्रेताको संख्यामा वृद्धि गरिनेछ ।

१.७ कृषिलाई अर्थतन्त्रको मेरुदण्डको रुपमा स्वीकार गर्दै खाद्यान्नमा आत्मनिर्भर बनाउन कृषि उत्पादन र उत्पादकत्व वृद्धि गरी कृषि जन्य आयातलाई न्यूनीकरण गरी निर्यातमा जोड दिईनेछ।

१.८ **"आँपको बगैचा, कञ्चनरुप न.पा.को समृद्धि"** नारालाई मुर्तरुप दिन वृहत आँपको क्षेत्र १२ वटै वडामा विस्तार गरिनेछ।

१.९ कञ्चनरुप न.पा.लाई सिंचाईमा आत्मनिर्भर बनाउन कृषि मिटर र कृषि विद्युतिकरणमा जोड दिईनेछ।

१.१० जैविक विविधताको संरक्षण गर्दै पोषणयुक्त, वातावरणमैत्री कृषि प्रणाली विकास गर्न, कृषकको आय वृद्धि गर्न, खाद्य सुरक्षामा योगदान पुऱ्याउन तथा स्थानीय वाली र रैथाने वालीको संरक्षण, प्रवर्द्धन, विकास र विस्तार गर्ने कार्यक्रम सञ्चालन गरिनेछ।

१.११ सामुहिक र सहज खेतीका लागि चक्लाबन्दी खेतीको अवधारणको विकास र विस्तार गरिनेछ।

१.१२ माटोको उर्वरता सुधार, वाली उत्पादन वृद्धि र कार्बन सञ्चयमार्फत जलवायु उत्थानशीलता बढाउने उपायको रुपमा बायोचारको प्रयोगलाई दिगो कृषि अध्यासको लागि प्रवर्द्धन गरिनेछ।

१.१३ सतह सिंचाईबाट वञ्चित खेतीयोग्य जग्गाहरुमा वैकल्पिक सिंचाई विधि (Non-conventiional irrigation Techinques) को प्रयोग गरी सिचाई सुविधाको व्यवस्थाप मिलाईनेछ।

१.१४ निर्वाहमुखी कृषिलाई आधुनिक र व्यवसायिक बनाउँदै कृषि उपजमा नगरलाई आत्मनिर्भर तुल्याउन यान्त्रिकीकरण तथा विशिष्टीकरण गरिनेछ।

१.१५. कृषियोग्य खेतीमा सिंचाई सुविधाको लागि कुलो पैनी मर्मत तथा साना सिंचाई कायर्क्रम संचालन गरिनेछ ।

१.१६ किसान सूचीकरण कार्यक्रम लागु गरी कृषक परिचय कार्ड वितरण गरिनेछ ।

१.१७ एक व्यक्ति एक विरूवा कार्यक्रम लागु गरिनेछ ।

१.१८ कृषि आयलाई वृद्धि गर्न कृषि मेला लगाउने नीति लिईनेछ ।

**२. पशुपंक्षी क्षेत्र :**

२.१ निर्वाहमुखि पशुपालनलाई व्यवसायीमुखी गरी सम्भाव्यताको आधारमा गाई, भैंसी, बाखा, बंगुर पालन पकेट क्षेत्र संचालन गरिने छ ।

२.२ पशु पालनमा घाँसको अहम भूमिका हुने भएकोले समय अनुसारको घासको बीऊ उपलब्ध गराउन घाँसको **बीऊ बैंक** स्थापना गर्न प्रोत्साहन गरिनेछ ।

२.३ पशुहरुमा लाग्ने **खोरेत रोग**को कारणबाट बर्षेनी पशुपालनमा क्षति पुग्ने खोरेत रोग मूक्त नगर बनाउने कार्यक्रम ल्याइने छ ।

२.४नगरपालिका भित्रकापेडा व्यवसायीहरुलाई मनोवल उच्च बनाउन **पेडा विशेष कार्यक्रम** संचालन गरिनेछ ।

२.५ उत्पादन लागत कम गरी कृषकको आयस्तरमा वृद्धि गर्नको लागि पशु नश्ल सुधार कार्यक्रम सञ्चालन गरी पशुहरुमा कृत्रिम गर्भाधान सेवालाई विस्तार गरिनेछ ।

२.६ पशुपंक्षीमा हुन सक्ने महामारीबाट जोगाउन पशुपंक्षी खोप कार्यक्रमलाई थप प्रभावकारिताका साथ निरन्तरता दिईनेछ ।

**३ सहकारी सम्बन्धी नीतिहरू :**

३.१ हाल दर्ता भई सञ्चालनमा रहेका तर चलयमान नभएका सहकारीहरुलाई एकिकरण गरी सञ्चालनमा ल्याउने व्यवस्था मिलाइने छ ।

३.२ सहकारीहरुको क्षमता अभिवृद्धि, कार्यगत क्षमता अभिवृद्धिका लागि सहकारी शिक्षा तालिम, COPOMISप्रविधि मा समावेश गरिनेछ ।

३.३ सहकारी तथ्याङ्क व्यवस्थापलाई प्रभावकारी बनाउन विद्युतीय सूचना प्रणालीको मापदण्ड कायम गर्दै सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली लागू गरिनेछ ।

३.४ नियमित सहकारी अनुगमन निरिक्षण कार्यलाई निरन्तरता दिइनेछ ।

**४. पर्यटन क्षेत्र :**

४.१ आन्तरिक एवं वाह्य पर्यटन प्रवर्द्धन गर्न लब्ली पार्क देखि खोत्तर देवी हुँदै धारापानी धर्मेश्वरसम्म पैदलमार्ग निर्माण, धर्मेश्वर पर्यटकीय स्थललाई स्तरोन्नती कार्यलाई निरन्तरता दिइनेछ।

४.२ नगर भित्र रहेका धार्मिक, साँस्कृतिक ऐतिहासिक र प्राकृतिक पूर्वाधारहरूको जिर्णोद्वार, विकास र प्रवर्द्धन गर्ने गरी वजेट विनियोजन गरिनेछ ।

४.३. मठ, मन्दिर, मस्जिद, चर्च, प्रार्थना गृह निर्माण गरिनुको साथै धार्मिक स्थल, पयर्टन स्थलहरूको जिर्णोद्वार तथा संरक्षण गरिनेछ ।

४.४ कञ्चनरुप नगरपालिकामा पर्यटन प्रवर्द्धनका लागि पर्यटकीय स्थल धर्मेश्वर धारापानी, विष्णु मन्दिर भजनेश्वर मन्दिर,गोरराजा मन्दिर, भगवती मन्दिर, पञ्चकन्या मन्दिर, राजा सलहेश, दिनाभद्री, गैंडासिंह बाबा, डिठा पोखरीको हनुमान मुर्ति स्थाल लगायत पर्यटकीय स्थल स्तरोन्नति कार्यक्रमलाई सञ्चालनमा ल्याईनेछ ।

४.५ कञ्चनरुप नगरको प्रमुख पर्यटकीय, धार्मिक, ऐतिहासिक तथा पुरातात्विक महत्वका क्षेत्रहरुको विकास र प्रवर्द्धन गर्न नगर पर्यटन विकासको समग्र गुरुयोजना तयार गरी कार्यान्वयनमा ल्याईनेछ ।

४.६ पर्यटकीय गन्तव्य स्थलहरुको पहिचान गरी पूर्वाधार विकास, स्तरोन्नति गर्न वृत्तचित्र तयार गरी प्रचार प्रसारका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

## ५. उद्योग सम्बन्धी नीतिहरू :

५.१स्थानीय कच्चापदार्थमा आधारित लघु तथा घरेलु उद्यमहरूको प्रवर्द्धन गर्न सीपमूलक तालिमको व्यवस्था व्यवस्था गर्नेछु ।

५.२न.पा. भित्र उद्योग स्थापना गरी रोजगारी सृजना गर्ने साथै नयाँव्यवसाय गर्नेहरूलाई विशेष सहुलियत प्रदान गरिनेछ ।

५.३ व्यापारीहरुको मनोबल बढाउन स्थानीय व्यापारीका सम्वन्धमा कञ्चनरुपमा तेश्रो**"कञ्चनरुप व्यापार मेला, २०८३"** लगाउन विशेष योजना ल्याउनेछ ।

## ६. सामाजिक विकास क्षेत्र :

### शिक्षा युवा तथा खेलकुद :

६.१. न.पा.भित्र आधारभूत तहको एक वहिरा विद्यालय र एक नमूना विद्यालयको लागि आवश्यक वजेट व्यवस्थापन गरिनेछ ।

६.२. विद्यार्थीको सर्वाङ्गिण विकास गर्नका लागि प्रत्येक हप्ता अतिरिक्त क्रियाकलाप गर्न लगाउने र सो का लागि विद्यालयलाई आवश्यक सहयोग गरिने छ ।

६.३. विभिन्न तहका विद्यार्थीहरुका लागि लोकसेवा कक्षा सञ्चालन गर्ने नीति अवलम्बन गरिनेछ ।

६.४ बालबालिकाको शिक्षामा पहुँच र सहभागिता वृद्धि गर्न तथा गुणस्तरीय शिक्षामा सबैको पहुँच सुचिश्चित गर्दै साक्षर नगर घोषणा अभियानका कार्यक्रमहरु अगाडि बढाईनेछ ।

६.५ **"स्वच्छ समाजको लागि गुणस्तर शिक्षा"** नीति अवलम्बन गर्दै स्वास्थ्य, शिक्षाका कार्यक्रमहरुलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याईनेछ ।

६.६ खेलक्षेत्रलाई प्रवर्द्धन गर्दै खेलाडीको मनोबल उच्च बढाउन र राष्ट्रिय स्तरका खेलाडी उत्पादन गर्न प्रत्येक वर्ष नगर स्तरीय मेयरसँग खेलकुद कार्यक्रम सञ्चालन गरिनेछ ।

६.७ सामुदायिक माध्यमिक विद्यालयहरुलाई प्रविधि मैत्री गुणस्तर शिक्षा प्रदान गर्न Smart/Digital Board को व्यवस्था मिलाईनेछ ।

६.८ नगर भित्र रहेका पुस्तकालयहरुको सुदृढीकरण गरिनुका साथै विद्यालय तथा शैक्षिक संस्थाहरुको अधुरो र अपुरो आधारभूत संरचनालाई प्राथमिकताका साथ सम्पन्न गरी प्रयोगमा ल्याईनेछ ।

६.९ गरिव तथा सिमान्तकृत समुदायका जेहेन्दार विद्यार्थीलाई प्राविधिक धार तर्फ मेयर छात्रवृत्ति कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

६.१० खेलाडीहरुको प्रवर्द्धन, प्रोत्साहन र प्रशिक्षणमा जोड दिई खेलकुद सामाग्री व्यवस्थापन र खेलाडी बीमा लगायतका कार्यलाई प्राथमिकता दिईनेछ ।

६.११ विद्यालय शिक्षामा देखिएका चुनौतीहरु समाधान गर्न नीतिगत तथा कानूनी प्रबन्ध गरिनेछ ।

६.१२ संस्थागत-सामुदायिक विद्यालय साझेदारी कार्यक्रम लागू गरी संस्थागत विद्यालयहरुको समेत सहभागितामा सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याइनेछ ।

६.१३ स्थानीय मदर्सा वोर्ड गठन तथा काम, कर्तव्य, अधिकार सुनिश्चित गर्न कार्यविधि बनाई लागु गरिनेछ ।

६.१४ कर्मचारी, शिक्षक र स्कूलमा विद्यार्थीको उपस्थितिलाई व्यवस्थित गर्नको लागि प्रविधिको अधिकतम प्रयोग गरी सबै विद्यालयमा Bio-Metric उपकरण प्रयोग गरिनेछ ।

६.१५ दलित विपन्न छात्र छात्राहरूको लागि कम्प्यूटर सिप तालिम सञ्चालन गरिनेछ ।

## ७. स्वास्थ्य क्षेत्र :

७.१ जनताको प्राथमिक स्वास्थ्य सेवालाई गुणस्तर तथा स्तरीय बनाउँदै कंचनपुर नगर अस्पताल कंचनपुरमा विशेषज्ञ सेवा साथै चिकित्सकबाट २४ सै घण्टा ईमरजेन्सि सेवा सञ्चालनमा ल्याइनेछ । साथै २४ सै घण्टा फार्मेसी, ल्याव भिडियो एक्स-रे लगायतको सेवा सञ्चालनमा निरन्तरता दिईनेछ ।

७.२ वर्थिङ्ग सेन्टरहरुलाई थप व्यबस्थित बनाउन आवश्यक उपकरणको सहित दक्ष प्रसुतिकर्मीबाट प्रसुति गराउन प्रोत्साहन गरी प्रसुति अवस्थामा भएको जटिलताको व्यबस्थापन गर्न कंचनपुर नगर अस्पतालमा अप्रेशन सहितको(CEONC) सेवा संचालनमा ल्याईनेछ साथै कंचनरुप नगरपालिकालाई **पुर्ण संस्थागत प्रसुति सेवा (ZERO HOME DELIVERY)**घोषणा गरिनेछ ।

७.३ कञ्चनरुप नगरपालिकाभरीको गर्भवती महिलालाई प्रसुती सेवार सर्पदंश उपचारको लागिराजविराज धरान र विराटनगरका अस्पतालहरुमा लानको लागि निःशुल्क एम्बुलेन्स सेवाको ब्यवस्था मिलाईने छ ।

७.४ २० हसा देखि २४ हसाको गर्भवती महिलालाई एनामेलि परीक्षण तथा ग्रामिण भिडियो एक्स-रे सेवा,क्याल्सियम चक्की र फोलिक एसिड चक्की तथा सुत्केरी महिलाको लागि निःशुल्क स्यानटरी प्याड वितरणको लागिसार्वजनिक स्थलमा भेन्डिग मेसिनको व्यवस्थामिलाई **"सुरक्षित मातृत्व नगर घोषणा"** को लागि आवश्यक पुर्बाधार सहित वर्थिङ्ग सेन्टरहरुलाई सुबिधा सम्पन बनाईनेछ ।

७.५ हेलो सिस्टरलाई निरन्तरता दिई **पोषण मैत्री स्थानीय स्वास्थ्य संस्था/आमा र बालबालिका मैत्री** स्वास्थ्य संस्थाको रुपमा बिस्तार गर्नेर **" गर्भवती महिला संग मेयर"** कार्यक्रमलाई निरन्तरता दिईनेछ।

७.६ पुर्णखोप नगरपालिका दिगोपनाको लागि सेवा पहुँचमा अभिबृद्धिगर्न नियमित खोप सेवा लाई प्रभावकारी बनाउन शहरी स्वास्थ्य ईकाई वडा नं.०८ मा संस्थागत खोप क्लिनिक संचालन गरी प्रत्येक हसा नियमित खोप सेवा संचालनमा ल्याईनेछ ।

७.७ स्थानीय स्तरबाटै बालबालिकाको नियमित तौल तथा पाखुराको जाँचको ब्यबस्थाको साथै कुपोषण बालबालिकाको समयमै पहिचान तथा ब्यबस्थापन गर्ने । नगर अस्पतालमा आई.टि.सि.सेवा संचालनमा ल्याई " **पुर्णपोषण युक्त नगरपालिका घोषणा** " गरिनेछ ।

७.८ पोषण मैत्री स्थानीय शासनको लागि " **नमुना पोषण गाँउ** " "**बिधालय तथा स्वास्थ्य संस्थाहरुमा नमुना करेशाबारी**" तथा "**एक घर एक करेशाबारी**"निर्माणको अवधारणालाई प्रभावकारी बनाई पोषण विशेषकार्यक्रम र बहुक्षेत्रिय पोषणको प्रभावकारितामा बृद्धी गरिनेछ ।

७.९ कंचनपुर नगर अस्पतालमा **मानसिक परामर्श केन्द्र तथा मानसिक रोगीको ब्यबस्थापनको लागि सुधार केन्द्र** निर्माण तथा संचालन गरिनेछ ।

७.१० सबै नागरिकको स्वास्थ्य बिमामा पहुँच अभिवृद्धि गर्ने उद्धेश्यका साथ नगर अस्पतालमा बिमा कोषको स्थापना गर्ने । नसर्ने रोग भएको बिरामीका (मधुमेह,उच्च रक्तचाप,क्यान्सर) लगायतका विरामीका लागि पेन कार्यक्रमलाई निरन्तरता दिइनेछ ।

७.११ प्रत्येक वडामा क्षयरोग निदानका लागि खकार परीक्षण शिबिर तथा प्रभावकारी कार्यक्रमहरु संचालन गरी **"क्षयरोग मुक्त नगर घोषणा"**गरिनेछ ।

७.१२ **"जेष्ठ नागरिक जिबन सुरक्षा"** कार्यक्रम संचालनमा ल्याई जेष्ठ नागरीकहरुको लागी निःशुल्क स्वास्थ्य उपचारको ब्यबस्था मिलाईनेछ ।

७.१३ नगरपालिका अन्तर्गतका सम्पुर्ण स्वास्थ्य संस्थाहरुलाई **किशोर किशोरी मैत्री तथा बाल मैत्री स्वास्थ्य संस्थाको** रुपमा संचालन गर्न आवश्यक सेवाको साथै पूर्बाधारको ब्यबस्था मिलाईनेछ ।

७.१४ दलित बिपन्न सिमान्तकृत तथा अन्य महिलाहरुमा बिधमान रहेको आङ्ग खस्ने रोगको स्कृनिङ्ग गरी स्वास्थ्य बिमासंग जोडि निःशुल्क पाठेघरको रोगको निदान उपचार र शल्य क्रियाको व्यबस्था मिलाईनेछ ।

७.१६ कंचनपुर नगर अस्पताल,स्वास्थ्य चौकी तथा आधारभुत स्वास्थ्यकेन्द्रहरुबाट प्रदान गरिने खोप सेवा,सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य,पोषण लगायतका सेवाहरु र उपचारात्मक सेवाको लागि आवश्यक औषधी,उपकरण तथा सामाग्रीको प्रयाप्त व्यबस्था सहित जनशक्तिको उचित ब्यबस्था मिलाईनेछ ।

७.१७ नगरपालिका अन्तर्गतका सबै स्वास्थ्य संस्थाहरुको आफ्नै जग्गा,भवनको व्यवस्था मिलाईनेछ ।

७.१८ कंचनरुप नगरपालिकाको १२ वटै वडाहरुमा **Health and Well-Being Center** (स्वस्थ तथा निरोगी केन्द्र)को स्थापना गरी"**योग गरौ निरोग रहौ**" भन्ने अबधारणालाई दैनिक ब्यबहारमा ल्याउन प्रोत्साहित गरिनेछ ।

७.१९ नगर भित्रका ४ वटा वर्थिङ्ग सेन्टरको सेवालाई बिस्तार गरी MBBS डाक्टरबाट सेवा संचालनको व्यबस्था मिलाईनेछ ।

७.२० कुपोषणबाट ग्रसित सुनौलो हजार दिनका महिला तथा बालबालिकाहरुको लागि बहुक्षेत्रिय पोषण कार्यक्रमलाई निरन्तरता दिदै सन्तुलित पोषण र बिबिधतायुक्त खानाको लागि सचेतना मुलक कार्यक्रम,पोषण झोला तथा पोषिलो आहारा बितरण कार्यक्रम गर्ने नगर अस्पताल र स्वास्थ्य चौकी बरमझियामा आई.टि.सि.केन्द्र संचालनमा ल्याईनेछ ।

७.२१ स्वास्थ्य संस्था तथा वर्थिङ्ग सेन्टरहरुबाट दिदै आएको सेवालाई थप गुणस्तरिय तथा सेवा मुलक बनाउन स्वास्थ्य कर्मिहरुलाई उच्च शिक्षा/तालिमको व्यबस्था मिलाईनेछ ।

७.२२ खोप,सुरक्षित मातृत्व,प्रजनन् स्वास्थ्य,पोषण जस्ता जनस्वास्थ्यसंग सम्बन्धित आधारभूत सेवालाई प्रभावकारी बनाउन महिला स्वास्थ्य स्वम सेबिकाको उचित सम्मान तथा सेवा सुबिधा उपलब्ध गरिनेछ ।

७.२३ **"जनता संग मेयर कार्यक्रम"**अन्तर्गत सरकारी तथा गैर सरकारी अस्पताल,स्वास्थ्य संस्था संग समन्बय गरी नगरभरिको जनताको लागि घुम्ति तथा घर दैलो स्वास्थ्य शिबिर,बिशेषज्ञ स्वास्थ्य शिविर,क्यान्सर शिविर, दिर्घ रोगिको स्वास्थ्य परीक्षण शिविर,स्तन क्यान्सर स्कृनिङ्ग शिविर संचालन गरिनेछ । स्वास्थ्य सेवालाई प्रभाकारी बनाउन टेलि मेडिसिन सेवा संचालनमा ल्याईनेछ ।

७.२४ स्तनपानलाई प्रवर्धन गर्ने उद्धेश्यका साथ बट्टा दुधलाई बिस्थापित गर्ने, स्तनपान सम्बन्धी बिभिन्न जनचेतना मुलक कार्यक्रम संचालन गरी कंचनरुप नगरपालिकालाई **"पुर्ण स्तनपान नगरपालिका घोषणा"** गरिनेछ ।

७.२५ आयुर्बेद स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन आयुर्बेद औषधालयमा बिशेषज्ञ डाक्टरको ब्यबस्था मिलाई सेवालाई बिस्तार गरिनेछ ।

७.२६ किशोरीहरुलाई पाठेघरको मुखको क्यान्सर बिरुद्वको खोप दिईनेछ साथै स्तन क्यान्सर निदान र उपचारलाई सरल तथा सहज बनाउन बिशेष किसिमको कार्यक्रम संचालनमा ल्याईनेछ ।

७.२७ किशोरीहरुमा बढदो रक्तअल्पता लाई न्युनिकरणको लागि हेमोग्लोबिन जाँच तथा दिसा जाँच शिविर संचालन गरी आईरन चक्कि तथा जुकाको औषधि नियमित बितरणको व्यवस्था मिलाईने छ।

७.२८ **"पूर्ण सुरक्षित मातृत्व नगर, पूर्णखोप नगर, कुपोषणमुक्त नगर"** नारालाई आत्मसात गरी मातृ शिशु स्वास्थ्य प्रवर्द्धन गरिनेछ।

७.२९ कडा रोगबाट पीडित व्यक्तिलाई प्रदान गरिने आर्थिक सहायता प्राप्तिका लागि प्राथमिकताका साथ यथाशिघ्र उपलब्ध गराउन सहज र छिटो छरितो व्यवस्था मिलाईनेछ ।

७.३० नगर अस्पतालजन्य फोहोर व्यवस्थापनका लागि आधुनिक प्रविधियुक्त तथा वातावरणमैत्री उपकरणहरुको व्यवस्था मिलाईनेछ ।

७.३१ सञ्चालनमा ल्याउन सकिने नगर अस्पतालका निष्कृय उपकरणहरुलाई आवश्यक्तानुसार मर्मत संभार गरी प्रयोगमा ल्याउन व्यवस्था मिलाईनेछ ।

७.३२ सार्वजनिक स्वास्थ्य, शारीरिक स्फूर्ति, मनोरञ्जन तथा सबै उमेर समूहको समावेशी सहभागिताको लागि योग केन्द्र, जिमपार्क, चिल्ड्रेन पार्क, जेष्ठ नागरिक पार्क निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।

७.३३ स्वास्थ्य सेवालाई शुलभ र पहुँचयोग्य तुल्याउन पूर्वाधार विस्तारसँगै सेवा प्रदायक अस्ताल-चिकित्सक, स्वास्थ्य जनशक्ति र सेवाग्राही वीचको असन्तुलन हटाउने नीति अवलम्वन गरिनेछ ।

७.३४ आयुर्वेद सेवाको सुदृढीकरण र वैकल्पिक चिकित्सा विधि प्रवर्द्धन गर्ने नीति लिइनेछ ।

७.३५ शव वाहनको नि:शुल्क व्यवस्था मिलाईनेछ ।

७.३६ निक साईमन संस्थाको समन्व्यवाट कञ्चनपुर नगर अस्पतालमा विशेषज्ञ सेवा सहितको विशिष्टिकृत अस्पताल सञ्चालनमा ल्याईनेछ ।

७.३७ टिचिङ्ग अस्पताल तथा विशिष्टिकृत अस्पतालहरुको समन्वयमा कञ्चनपुर नगर अस्पतालमा निश्चित मापदण्ड सहितको EHS सेवा सञ्चालनमा ल्याइनेछ ।

७.३८ स्वास्थ्य वीमा कार्यक्रमलाई अन्य स्वास्थ्य संस्थाबाट समेत विस्तार गरिनेछ ।

## ८ लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण:

८.१ अपांगता भएका व्यक्तिहरूको आवश्यक्ता पहिचान गरी सहायक सामाग्री उपलब्ध गराउने व्यवस्था मिलाइने छ ।

८.२ एकल महिलाहरूको शीप तथा दक्षता अभिवृद्धिका लागि सशक्तिकरणका कार्यक्रम सञ्चालन गरिनेछ ।

८.३ वाल विवाह, वालश्रम, दहेज प्रथा, वहु विवाह, बोक्सीको आरोप जस्ता सामाजिक कुरीती अन्त्यका लागि सचेतनामूलक कार्यक्रम सञ्चालन गरी यसको अन्त्य गर्ने नीति लिइनेछ ।

८.४ विभिन्न प्रकारका हिंसाबाट पिडित महिलाहरूलाई तत्काल उद्धार गर्नको लागि लैङ्गिक हिंसा निवारण कोष सञ्चालनामा ल्याई सेवा उपलब्ध गराइने छ ।

८.५ किशोर किशोरीका लागि व्यवहारिक र जीवनपयोगी सीप प्रदान गरिने कार्यक्रम सञ्चालन गरिनेछ ।

८.६ वाल अधिकार संरक्षण तथा सम्वर्द्धन कार्यक्रम संचालन गरिनेछ ।

८.७ वालमैत्री शासन दिगोपनका लागि बालमैत्री स्वयं सेवकलाई निरन्तरता दिइनेछ ।

८.८ सुनाई सम्बन्धी अपांगता भएका व्यक्तिहरूलाई सहज बनाउन दोभाषेलाई निरन्तरता दिइने छ

८.९ जनप्रतिनिधी र वडा सचिवहरूलाई व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम लाई अध्यावधिक गर्दै लगिने छ ।

८.१० महिला हिंसा तथा भेदभावको अन्त्य गरी महिला सशक्तिकरण गर्न सचेतनामूलक अभियानलाई सञ्चालन गरिनेछ ।

८.११ नगर भित्र वाल श्रमको अन्त्य तथा वालबालिकाको अधिकार सुनिश्चित गर्न, नगरका १२ वटै वडाहरुमा **"बाल श्रममुक्त नगर"** अभियान सञ्चालन गरिनेछ ।

८.१२ बालबालिका, महिला, युवा, अपाङ्गता भएका व्यक्ति, एकल महिला, दलित, पिछडावर्ग, आदिवासी जनजाति, मुस्लिम, ज्येष्ठ नागरिक, जोखिमा रहेका असहाय तथा सडक आश्रित नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक र विपन्न लगायत अन्य समुदायको अधिकार सुनिश्चित तथा सशक्तिकरण गर्ने नीति अवलम्बन गरिनेछ ।

८.१३ शारीरिक वा मानसिक हिंसा वा यौन दुव्यवहारबाट प्रभावित महिला तथा वालवालिकाहरुका लागि सुरक्षित अल्पकालीन आवास गृहको व्यवस्था मिलाईनेछ ।

८.१४ महिलाको सर्वाङ्गीण उत्थान र सबलीकरणमा विशेष ध्यान दिइनेछ । महिला विरुद्ध हुने हिंसा, शोषण र भेदभाव अन्त्य गरिनेछ ।

८.१५ मानव बेचबिखन र ओसारपसारमा शून्य सहनशीलता अपनाईनेछ । लैङ्गिक हिंसा पीडितहरुका लागि तत्काल संरक्षण, उपचार, मनोसामाजिक परामर्श र शीघ्र न्यायिक निरुपणका लागि आवश्यक सहयोग गरिनेछ ।

८.१६ बालबालिकाको शारीरिक तथा मानसिक विकास र संरक्षण गरिनेछ । सडक बालबालिकाका लागि पारिवारिक पुनर्मिलन, सामाजिक पुनर्स्थापना र वैकल्पिक हेरचाहको व्यवस्था मिलाईनेछ ।

८.१७ अपाङ्गता भएका व्यक्तिहरुका लागि मध्यनजर गर्दै सार्वजनिक पूर्वाधार र सेवाहरुलाई अपाङ्गतामैत्री बनाईनेछ ।

## ९. गैर सरकारी संस्था सम्बन्धी नीतिहरू:

९.१ नगर भित्र दर्ता भएका गैर सरकारी संस्था, सामुदायिक संस्था र सहकारी संस्थाको प्रोत्साहन नियमन, खारेजी र विघट्नको नीति लिइनेछ ।

९.२ राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संघ/संस्थाहरूसंग समन्वय र सहकार्य गरी स्वास्थ्य, शिक्षा, पोषण, वाल संरक्षण, खानेपानी तथा सरसफाई, विपद् जोखिम न्यूनिकरण र वाल केन्द्रित योजना तर्जुमा कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्ने । नगरको प्राथमिकताका क्षेत्रहरूमा परिचालन गर्ने नीति लिइनेछ ।

९.३ वैदेशिक रोजगारबाट फर्किएका मानिसहरूलाई वित्तिय साक्षरता मनोसामाजिक परामर्श, सेवा कार्यक्रम सञ्चालन गर्न सामी परियोजनासंग समन्वय र सहकार्य गरी निरन्तरता दिइने छ ।

## १०. सँस्कृति प्रवर्द्धन

१०.१ संस्कृति संरक्षण र सम्वर्द्धनका लागि ऐतिहासिक पुरातात्विक सांस्कृतिक, धार्मिक महत्वका पूर्वाधारको निर्माण, संरक्षण र सम्वर्द्धनका लागि विशेष कार्यक्रम ल्याइनेछ ।

१०.२ परम्परादेखि चलिआएका धार्मिक एवं सांस्कृतिक मेला तथा पर्वहरूलाई संरक्षण र प्रवर्द्धन गर्नका लागि तोकिए बमोजिम आर्थिक सहायता उपलब्ध गराईनेछ ।

१०.३ लोपोन्मुख रूपमा रहेका संस्कृती तथा सम्पदाहरूलाई जीर्णोद्धार र संरक्षण गर्न विशेष सहयोग र सहजिकरणका कार्यक्रम संचालन गरिनेछ ।

## ११. पूर्वाधार क्षेत्र

११.१ सडक तथा पुल

११.२ पूर्वाधार योजनाहरूको लागत इष्टिमेट, स्थलगत अनुगमन तथा मुल्यांकन कार्यलाई छिटो, छरितो तथा प्रभावकारी रूपमा सम्पन्न गर्नका लागि जनशक्तिलाई आवश्यक तालिम, प्रविधिगत सहयोगको व्यवस्था मिलाईने छ ।

११.३ पूर्वाधार विकासका लागि आवश्यक्ता अनुसार सर्वेक्षण, डिजाइन, सम्भाव्यता अध्ययन, विस्तृत परियोजना दस्तावेज (DPR, IEE, EIA) तयारी गरीयोजना/आयोजनाहरू सञ्चालनमा ल्याईनेछ ।

११.४ उज्यालो कञ्चनरूपको अवधारणा अनुरूप प्रत्येक टोल टोल जोडिने सडकहरूमा सोलार, टावरवत्ति स्ट्रिट लाईट प्रविधिको माध्यमबाट सडकबत्ति जडान गरिने छ ।

११.५ नगरपालिकाको सम्पूर्ण वडा तथा सम्पूर्ण शाखाहरूको कामको निगरानी गर्न सि सि टि भी क्यामेरा जडान गरिनेछ ।

११.६ सबै वडा, टोल जोड्ने पक्की सडक, ढल तथा कलभर्ट गुणस्तरीय निर्माण गर्ने साथै समय समयमा मर्मत सम्भारमा विशेष ध्यान दिइनेछ ।

११.७ नवीकरणीय ऊर्जा प्रवर्द्धन कार्यक्रमलाई प्राथमिकतामा राखिनेछ ।

११.८ नगर सडकहरुको पहिचान, वर्गीकरण, प्राथमिकीकरण तथा लगानी योजना सहितको Municipality Road Network Master Plan (MRNMP) लाई कार्यान्वयनमा ल्याइनेछ ।

११.९ संघीय सरकार र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त, समपूरक र विशेष अनुदानबाट सञ्चालित अधुरो र अपुरो वहुवर्षिय योजनाहरुलाई प्राथमिकताका साथ सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

११.१० सडकहरुलाई सुरक्षित, आकर्षित र सफा राख्नुको साथै दुर्घटना न्यूनिकरण गर्न सडक सुरक्षा तथा सौन्दर्यीकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

११.१२ **"सडक मर्मत सम्भार दिगो सडकको आधार"** लाई मूर्त रुप दिन Annual Road Maintenance Plan (ARMP) तयार गरी लागू गरिनेछ ।

११.१३ स्वच्छता अभियान लगायत अधुरो र अपुरो क्रमागत योजनाहरुको अनुगमनलाई तीव्रता दिई सम्पन्न गर्ने व्यवस्था मिलाईनेछ ।

११.१४ घर नक्सा सम्वन्धी कार्यविधि बनाई कार्यान्वयनमा ल्याईनेछ ।

## सिंचाई

## १२.भवन तथा शहरी विकास

१२.१ नगरभित्रका खेतीयोग्य जमिनमा सिंचाई सुविधा उपलव्ध गराउनका लागि साना सिंचाई कार्यक्रम संचालन गरिनेछ

१२.२ घरनक्सा डिजाईन ड्रोइङ्ग पेशामा आवद्ध कन्सल्टेन्सी तथा प्राविधिकलाई अनिवार्य रूपमा सूचीकृत हुने व्यवस्था मिलाईने छ ।

१२.३नक्सा पास तथा अभिलेखिकरण प्रकृयालाई प्रभावकारी तथा पारदर्शिता बनाउनलाई Online Buildingpermit system softwareसञ्चालनमा ल्याउने व्यवस्था मिलाईनेछ ।

१२.४ निजी तथा सार्वजनिक भवन निर्माण गर्दा अनिवार्य रूपमा नक्सा पास गराई मात्र निर्माण गर्नु पर्ने व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयनमा ल्याइनेछ ।

१२.५ नगरपालिका क्षेत्रभित्र बन्ने सबै घर मापदण्ड अनुसार भुकम्प प्रतिरोधात्मक घर निर्माण गर्न प्रोत्साहित गरिनेछ ।

१२.६भवन सम्पन्नताको प्रमाणपत्र दिंदा सार्वजनिक स्थलमा रहेको निर्माण सामाग्रीहरू हटाएपछि मात्र प्रमाण-पत्र उपलब्ध गराइनेछ ।

## १३. वन, वातावरण तथा विपद् व्यस्थापन :

### १३. १वन :

१३.१नगर भित्रको राष्ट्रिय वन, सामुदायिक वन संरक्षण र सामुदायिक वन व्यवस्थापन समितिको क्षमता अभिवृद्धि गरी खाली प्रति जग्गामा वृक्षारोपण गरी हरियाली नगर बनाउने नीति लिइने छ ।

१३.२ **"हरियाली प्रवर्द्धन अभियान, हरित गाउँ शहर, स्वच्छ गाउँ शहर"** नाराहरुलाई आत्मसात गर्दै थप प्रभावकारिताका साथ वृक्षारोपण कार्यलाई अगाडि बढाईनेछ ।

१३.३ नगर भित्रका खाली सरकारी, सार्वजनिक जग्गा, नदी उकास, नहर, सडक किनार, विद्यालय, अस्पताल, मठमन्दिर एवम् तटवन्ध लगायतका स्थानमा वन सम्वद्ध संघ/संस्थाहरुसँगको सहकार्यमा संरक्षण सहितको वृक्षारोपण मार्फत हरियाली प्रवर्द्धन गर्दै कार्बन सञ्चितिकरणमा अभिवृद्धि गरिनेछ ।

१३.४ समृद्धिका लागि वन कार्यक्रम अन्तर्गत निजी, सार्वजनिक तथा राष्ट्रिय वनको दिगो व्यवस्थापन गरी वनजन्य उद्यम स्थापना र विकास मार्फत वनक्षेत्रबाट उल्लेखनीय रोजगारी र आय आर्जनका अवसरहरु सिर्जना गरिनेछ ।

१३.५ राष्ट्रिय वृक्षारोपण दिवसका अवसरमा "एक **व्यक्ति एक विरुवा (One man One tree)**"वृक्षारोपण अभियानलाई थप प्रभावकारी बनाउँदै लगिनेछ ।

## १४. विपद् व्यवस्थापन :

१४.१ विपद्बाट हुने क्षतिको रोकथाम तथा न्यूनीकरणको लागि पूर्वतयारी, प्रतिकार्य र पुनर्लाभिका कार्यक्रम संचालन गर्न स्थानीय विपद् व्यवस्थापन कोषमा आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१४.२ पूर्वाधार विकासका क्रियाकलापहरू संचालन गर्दा विपद् जोखिम संवेदनशीलतालाई केन्द्रविन्दुमा राखी कार्यान्वयन गर्न सघाउ पुग्ने गरी डिजाइन तथा इष्टिमेट गर्न व्यवस्था मिलाइएको छ ।

१४.३सम्भावित बाढीजन्य प्रकोपको नियन्त्रणको लागि उपयुक्त ठाउमा बाध, तटवन्ध, पुल तथा निकासहरूको उचित व्यवस्थापन गरिनेछ ।

१४.४विपद्को समयमा आपतकालिन उद्धार र राहतको लागि खुलासार्वजनिक स्थानको पहिचान गरी आपतकालिन आश्रयस्थलको रूपमा विकास गरिनेछ ।

१४.५ विपद्बाट हुनसक्ने क्षतिको तत्काल उदार, राहत र पूर्नस्थापनाका लागि आवश्यक जनशक्ति, सामाग्री खरीद तथा श्रोतको पहिचान गरिनेछ ।

१४.६ विपद् व्यवस्थापन कोषको प्रयोगलाई अझ व्यवस्थित गर्न कार्यविधि बनाई लागू गरिनेछ ।

१४.७ एम्बुलेन्स, दमकल, जस्ता सेवालाई चौवीसै घण्टा संचालन हुने गरी तयारी हालतमा राख्न आवश्यक बजेट व्यवस्था मिलाएको छ ।

१४.८ विपद् व्यवस्थापनमा पूर्व तयारीको सुनिश्चित गर्दै विपद् व्यवस्थापनका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४.९ खोला किनार तथा विपद् संवेदनशील बस्तीहरुलाई सुरक्षित स्थानमा स्थानान्तरण, सम्भावित बाढी, वन्यजन्तु आतङ्क, आगलागी, महामारी लगायत वहुजोखिम नक्सा (Multi Hazard Map) तयार गरी विपद् पूर्वतयारी तालिम, अभ्यास तथा जनचेतना कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

१४.१० विपद्मा राहत, उद्धार तथा अति आवश्यक सामाग्रीको लागि नगर विपद् व्यवस्थापन कोषको स्थापना गरी सञ्चालनमा ल्याईनेछ ।

## १५. खानेपानी, सरसफाई तथा फोहरमैला व्यवस्थापन

१५.१ फोहोरमैला व्यवस्थापनको लागि घर नक्सा पास गर्दा अनिवार्य रूपमा शौचालय र सेफ्टी ट्यांकी निर्माण गर्नु पर्ने व्यवस्था लागू गरिनेछ ।

१५.२ नगरपालिका क्षेत्र भित्रको मुख्य स्थानहरूमा सार्वजनिक शौचालय र भिडभाड हुने स्थानमा घुम्ती शौचालयको व्यवस्था मिलाईने छ ।

१५.३ स्वास्थ्य संस्थाहरुबाट निस्कने फोहर मैला विसर्जन तथा गुणस्तरिय सेवाको लागी फोहोर बिसर्जन तथा फोहोर प्रसोधन केन्द्रको स्थापना गरिनेछ ।

१५.४ नागरिकलाई शुद्ध पिउनेपानीका लागि घर घरमा धारा, चौक, चौराहामा बत्ती कार्यक्रम सञ्चालन गरिनेछ।

१५.५ खानेपानी पहुँच विस्तारका लागि निर्माणाधीन तथा सम्पन्न आयोजनाहरुको मर्मत, पुनर्स्थापन र उपयोग सुनिश्चित गरिनुको साथै सुख्खाग्रस्त क्षेत्रहरुमा स्वच्छ पानी आपूर्ति, परम्परागत स्रोतहरुको संरक्षण तथा रिजर्भ ट्याङ्कीमा ट्रिटमेन्ट प्लान्ट जडान तथा वितरण कार्यक्रमहरु सञ्चालन गर्न कञ्चनपुर खानेपानी उपभोक्ता समितिसँग सहकार्य र समन्वय गरी सेवा विस्तार गरिनेछ।

## १६. जलाधार संरक्षण

१६.१ नियमित फोहर संकलनको लागि नगर टयांकरको उपयूक्त व्यवस्था मिलाईनेछ ।

१६.२ वन जंगल, वन्यजन्तु, ढुंगा, गिटी बालुवा, नदी, खोला, खानी आदि प्राकृतिक श्रोतहरूको पहिचान गरी वातावरणीय परीक्षण प्रतिवेदनले तोकेको परिमाणमा मात्र उत्खनन गर्ने व्यवस्था मिलाइनेछ ।

१६.३ पानीको श्रोत, मुहान, पोखरी, तलाउ लगायतका जैविक विविधताको संरक्षण गर्ने नीति अवलम्वन गरिनेछ।

१६.४ वन पैदावार, ढुंगा, बालुवाको चोरी निकासीलाई नियन्त्रण गरी करको दायरामा ल्याउन ठेक्का वन्दोवस्त गरिनेछ ।

## १७. वारूणयन्त्र सञ्चालन र व्यवस्थापन

१७.१ वारूणयन्त्र संचालनको लागि आवश्यक पर्ने जनशक्तिको व्यवस्था मिलाइनेछ ।

१७.२ वारूणयन्त्रको सुरक्षा, मर्मत र तयारी अवस्थामा राख्नका लागि आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

## १८. सुशासन तथा संस्थागत विकास

१८. मानव संशाधन विकास :

१८.१ नगरपालिकाबाट प्रदान हुने सेवाहरू चुस्त दुरूस्त बनाउन नगरपालिका अन्तर्गतका सम्पूर्ण शाखा, उप–शाखा तथा मातहतका सम्पूर्ण कार्यालयहरूमा विद्युतिय हाजिरीलाई निरन्तरता दिइनेछ ।

१८.२ जनप्रतिनीधिहरूको क्षमता विकासका लागि आवश्यक्ता को पहिचान गरी सोही अनुसार तालिम सञ्चालन गरिनेछ ।

१८.३ नगरपालिकाबाट प्रदान हुने सेवाहरूलाई पारदर्शी, जवाफदेही, नियमित, मित्तव्ययी बनाईनेछ । यसका लागि सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, खर्च सार्वजनिकीकरण, गुनासो व्यवस्थापन, लैङ्गिक उत्तरदायी बजेट निर्माण र विश्लेषण जस्ता क्रियाकलाप सञ्चालन गरिने छ ।

१८.४ पत्रकारिता क्षेत्रलाई मर्यादित तथा व्यवस्थित गर्न पत्रकारहरूलाई तालिम, सम्मान साथै पुरस्कृत गरिने कार्यलाई निरन्तरता दिइनेछ ।

१८.५ आन्तरिक पर्यटनलाई बढावा दिने उद्धेश्यले यस नगरपालिका अन्तर्गत कार्यरत कर्मचारीहरुलाई आन्तरिक तथा बाहय भ्रमणको बिदा मिलाई सो अवधीको सेवा सुबिधाको व्यवस्था मिलाईने छ ।

१८.६ गुनासो, सुझाव तथा समस्यत सामाधानका लागि गुनासो सुनुवाई अधिकारी तोकी जनताको कुरा सुन्ने र समाधान गर्ने संयन्त्रलाई प्रभावकारी बनाईनेछ ।

१८.७ नगर बजेटको विनियोजन र खर्चको पारदर्शिता प्रवर्द्धन तथा लेखाजोखा गर्न आन्तरिक लेखा परीक्षणलाई प्रभावकारी कार्यान्वयनमा ल्याईनेछ ।

१८.८ हरवा चरवा, विपन्न, गरिव, भूमिहीन तथा सामाजिक रुपमा पिछडिएका साना कृषकरु, एकल महिला, विभिन्न आन्दोलनका सहिद् र घाइते परिवारको आय आर्जन तथा जिविकोपार्जनमा टेवा पुऱ्याउन स्वरोजगारमूलक विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.९ रोजगार, स्वरोजगार तथा उद्यमशीलतालाई प्रवर्द्धन गरी गरिबी न्यूनीकरण गर्न विशेष कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.१० नदीजन्य पदार्थ-ढुङ्गा, गिट्टी र वालुवाको व्यवस्थापनका लागि स्वीकृत IEE प्रतिवेदन अनुसार ठेक्का बन्दोवस्ती गरी कार्यान्वयनमा ल्याईनेछ ।

१८.११ निर्माण लगायतका गतिविधिमा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन प्रभावकारिता सुनिश्चित गर्न मापदण्ड अनुपालनको प्रभावकारी अनुगमन गरिनेछ । साथै सरोकारवाला बीच विद्यमान ऐन, नीति र नियम वारे सचेतनामूलक एवम् अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.१२ विपन्न, दलित, पिच्छडिएका, सिमान्तकृत र न्यून आयश्रोत भएका नागरिकहरुलाई सहकारीमा पहुँच विस्तार गर्ने कार्यनीति अगाडि बढाईनेछ ।

१८.१३ लागू पदार्थ, मादक पदार्थ र सुर्तिजन्य दुर्व्यसन न्यूनीकरणका लागि प्रत्येक वडामा सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.१४ गरिब न्यूनीकरण र रोजगार सृजना गर्न वैदेशिक रोजगारबाट फर्किएका तथा वेरोजगार युवाहरुको आर्थिक अवस्था सुदृढ गर्न सीपमूलक तालिम उपलब्ध गराई लघु उद्यमी तर्फ उन्मुख गराइनेछ ।

१८.१५ वैदेशिक रोजगारीमा जाने तथा फर्किने श्रमिकहरुको तथ्याङ्क संकलन गरी डिजिटल प्रणाली व्यवस्थापन गरिनेछ ।

१८.१६ वैदेशिक रोजगारीमा जाने तथा फर्किने श्रमिकहरुको तथ्याङ्क संकलन गरी डिजिटल प्रणाली व्यवस्थापन गरिनेछ ।

१८.१७ दलित, विपन्न तथा उपेक्षित वर्गलाई लक्षित गरी नेपालको संविधानद्वारा प्रदत् आवास सुविधाको मौलिक हकलाई सुनिश्चितता गर्न संघीय सरकार र मधेश प्रदेश सरकारसँग समन्वय गरी प्रभावकारी रुपमा कार्यान्वयन गर्न पहल गरिनेछ ।

१८.१८ स्थानीय सुरक्षा निकाय, गैरसरकारी संस्था र सरोकारवालाहरुको सहभागितामा लागू औषध, मानव वेचविखन नियन्त्रण गर्ने कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.१९ सर्वसाधारणको कानूनी जानकारीमा सहज पहुँच सुनिश्चित गर्न नगर राजपत्रको नियमित वितरण र कानूनी सूचना व्यवस्थापन प्रणाली Legal Information Management System (LIMS) को विकास गरिनेछ ।

१८.२० नगर भित्रका श्रमजीवी पत्रकारहरुको हकहित सुनिश्चित गर्न र सूचना प्रवाह प्रभावकारी बनाउन मर्यादित पत्रकारिता स्वस्थ्य सूचना प्रवाहमा जस्ता कार्यक्रम सञ्चालन गरिनेछ ।

१८.२१ सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी, समावेशी र उत्तरदायी बनाउन सूचना प्रविधिको प्रयोगलाई प्रोत्साहन गर्ने नीति लिनईनेछ ।

१८.२२ गरिबी निवारण प्रति लक्षित कार्यक्रमहरु समन्वयात्मक र प्रभावकारी रुपमा सञ्चालन गरिनेछ । विपन्न पहिचन हुन बाँकी रहेका वडाहरुमा विपन्न पहिचान कार्यान्वयन लागू गरी कार्यान्वयनमा ल्याईनेछ ।

१८.२३ लागुऔषध दुव्यर्सन, आत्महत्या नियन्त्रण, साइवर अपराध नियमन लगायत समाजमा घट्ने अपराध नियन्त्रण गर्न स्थानीय सुरक्षा निकायको सहयोगमा सचेतनामूलक र यिमन कार्य गरिनेछ ।

१८.२४ जेष्ठ नागरीकले सामाजिक सुरक्षा भत्ता नलिने व्यक्तिलाई नगरपालिकाबाट सम्मानित गर्ने नीति अवलम्वन गरिनेछ ।

१८.२५ नगरपालिका भित्रका एकल पुरुष (विदुर) लाईप्रोत्साहित गर्न आवश्यक वजेटको व्यवस्था गरिनेछ ।

१८.२६ कञ्चनरुप नगरपालिका भित्र रहेका व्यवसाय यकिन गर्न समिति बनाई कार्यान्वयनमा ल्याइनेछ ।

१८.२७ पार्किङ्गको लागि कार्यविधि बनाई लागु गरिनेछ ।

१८.२८ नगरपालिका सञ्चालन तर्फका खर्चहरुलाई मित्तव्ययता अपनाई खर्च घटाउँदै लगिनेछ ।

१८.२९ उत्कृष्ठ तथा राम्रो काम गर्ने कर्मचारीलाई पुरष्कृत तथा अनुशासन पालना नगर्ने कर्मचारीलाई दण्ड तथा कारवाही गर्ने नीति अवलम्वन गरिनेछ ।

१८.३० कर्मचारीहरुको वृद्धि विकासलाई निरन्तरता दिईनेछ ।

## १९. न्यायिक समिति सम्बन्धी नीति :

१९.१ विवादको निरूपण गर्दा सम्भव भएसम्म मेलमिलापलाई प्राथमिकता दिई दुवै पक्षको सहमतीमा जीत जीतको सिद्धान्त अवलम्वन गरिनेछ ।

१९.२ न्यायिक समितिको व्यवस्थापनको लागि नगरपालिकाले छुट्टै कानूनी शाखा र कानूनी सल्लाहकारको व्यवस्था गरी न्याय सम्पादन कार्यलाई कार्यान्वयन गरिदै गएकोमा निरन्तरता दिइनेछ ।

१९.३. न्याय प्रणालीलाई छिटो, छरितो, पारदर्शी र विश्वसनीय बनाई न्यायमा आम नागरिकको पहुँच अभिवृद्धि गर्न न्याय सेवाको संरचनात्मक सुधार गरिनेछ ।

१९.४. न्यायिक समितिबाट न्याय सम्पादन गर्ने कार्यलाई थप प्रभावकारी बनाउन कानून सम्बन्धी जानकारी सर्वसाधारण समक्ष पुऱ्याउन कानूनी सूचना व्यवस्थापन प्रणालीको विकास गरिनेछ ।

## २०. शान्ती सुरक्षा सम्बन्धी नीति :

२०.१ नगर भित्रको सार्वजनिक आवगमन सुव्यवस्थित गर्न र विभिन्न चाडपर्व, मेला, महोत्सव, प्रदर्शनीलाई व्यवस्थापन गर्न नगर प्रहरी परिचालित गरी स्थानीय सुरक्षा निकायसग समन्वय गरी प्रभावकारी बनाईनेछ ।

## २१. सस्थागत क्षमता विकास :

२१.१ नगरपालिकाको कार्यालय, वडा कार्यालय तथा विषयगत शाखा वा एकाइको सेवा प्रवाहलाई सम्भव भएसम्म सूचना विधि मैत्री बनाउन आवश्यक बजेट व्यवस्था गरिनेछ ।

२१.२ कुनै एक शाखा वा फाटमा कार्यरत कर्मचारीको अभावमा कार्यालयको काममा अवरोध हुने वा सेवाग्राहीलाई समस्या भोग्नु पर्ने अवस्थालाई मध्यनजर गरी सबै कर्मचारीहरूलाई सबै प्रकृतिका कार्य गर्न सक्ने तुल्याउन एक भन्दा बढी शाखाको जिम्मेवारी दिने या निश्चित समयमा शाखा परिवर्तनको नीति लिइनेछ ।

२१.३ नगरपालिकामा कार्यरत कर्मचारीहरू, वडा सचिवहरूको क्षमता अभिवृद्धिका लागि आवश्यक तालिमको कायर्क्रम सञ्चालन गरिनेछ ।

२१.४ कञ्चनरूप न.पा.का १२ वटै वडाका वस्तीहरूमा टोल विकास संस्था गठन गर्ने र न.पा.भित्रका रोडहरूको नामाकरण गरी होर्डिङ्ग बोर्ड राख्ने व्यवस्थालाई निरन्तरता दिइनेछ ।

## २२. लघु तथा सुरक्षित आप्रवासन:

२२.१ गरिवी न्यूनिकरणका लागि लघु उद्यम विकास कार्यक्रमलाई निरन्तरता दिंदै विपन्न परिवारलाई रोजगारीको श्रृजना गरिनेछ ।

२२.२ विदेश पलायन हुने श्रम तथा युवा जनशक्तिलाई उद्यम, कृषि, पशुपालन व्यवसाय तथा अन्य रोजगारीका अवसर उपलब्ध गराउने गैर सरकारी संघ/संस्थाहरूको समन्वय सहकार्यमा र लागत साझेदारीमा युवा लक्षित सीप विकास तथा व्यवसायिक तालिमहरू सञ्चालन गरिनेछ ।

२२.३ वैदेशिक रोजगारको कारण व्यक्ति, परिवार तथा समाजमा उत्पन्न नकारात्मक असर वा मनोसामाजिक समस्यालाई न्यूनिकरणको लागि मनोसमाजिक परामर्श सेवालाई प्रभावकारी बनाईने छ।

२२.४ स्थानीय कच्चा पदार्थ, उद्यमशिलता र सीपमा आधारित औद्योगिक विकासलाई प्रोत्साहित गरिनेछ ।

## २३. राजश्व परिचालन तथा आर्थिक प्रशासन :

२३.१ कञ्चनरूप नगरपालिकामा अगामी आर्थिक वर्ष २०८२।०८३ देखि अनिवार्य रूपमा सम्पत्ति कर लागू गरिनेछ । एकिकृत सम्पत्ति कर प्रयोजनको लागि सम्पत्तिको वर्गीकरण र मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न यथाशिघ्र एक कार्यदल गठन गरी कार्य आरम्भ गरिनेछ ।

२३.२ नगरपालिकालाई आवधिक रूपमा सबैभन्दा बढी कर तिर्ने करदातालाई पुरस्कृत गरिनेछ ।

२३.३ करका दरहरूलाई समय सापेक्ष परिमार्जन गर्दै लगिनेछ ।

२३.४ करको दायरामा नआएका क्षेत्रहरूलाई करको दायरामा ल्याइनेछ । यसको लागि चालु आर्थिक वर्षमा नै आन्तरीक राजश्व अभिवृद्धि सुझाव तथा कार्यदल बनाई प्रारम्भ गरिनेछ ।

## २४. आन्तरिक र अन्तिम लेख्या परीक्षण :

२४.१ आम्दानी तथा खर्च सम्बन्धी काम कारवाहीलाई नियमितता, कार्यदक्षता, प्रभावकारिता र औचित्यताको सिद्धान्तको आधारमा आन्तरिक लेखा परीक्षण र महालेखा परीक्षकको कार्यालयबाट अन्तिम लेखापरीक्षण गर्ने व्यवस्था मिलाइनेछ ।

२४.२ गत आ.व.को लेखापरीक्षणवाट कायम हुन आएको बेरुजु असुल उपर तथा फर्छ्यौटका लागि तदारुकताका साथ कारवाही अगाडी बढाई फर्छ्यौट तथा असुल उपर गरी नियमित गर्नुपर्ने बेरूजुलाई नियमित गरिनेछ ।

## २५. रोजगार सेवा :

२५.१ स्थानीय स्तरमा वैदेशिक रोजगारीमा जान चाहने व्यक्तिहरु श्रम स्वीकृति/पून: श्रम स्वीकृतिको व्यवस्था गरिनेछ ।

## २६. सेवा प्रवाहका मापदण्ड निर्धारण :

२६.१ सेवा प्रवाहलाई उपलब्ध वजेट र जनशक्तिको आधारमा अधिकतम रूपमा प्रविधिमैत्री बनाउँदै लगिनेछ

२६.२ लागत अनुमान तयारी, मूल्याङ्कन विलको तयारी, योजनाको प्रशासनिक कामको तयारी तथा अभिलेखिकरण, कर संकलन तथा अभिलेखिकरण जस्ता कृयाकलापलाई व्यवस्थित र प्रभावकारी बनाउन सफ्टवेयर र प्रविधिलाई अवलम्वन र प्रयोग गरिनेछ ।

## २७. पञ्जिकरण

२७.१ व्यक्तिगत घटना दर्ता तथा सामाजिक सुरक्षा, राष्ट्रिय परिचयपत्र लगायत गुनासो सुनुवाई सम्वन्धी सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।

## २८. आ.व.०८२।०८३ को लागि प्रस्ताावित वजेट

कुल वजेट – ६८,०९,७४,१८७।

(संघीय र प्रदेश राजश्व बाडफाड चालु, विशेष र अनुदान समेत ) रहेको व्यहोरा निवेदन गर्दछु ।

जसमध्ये,

चालु संचालन तर्फ – रू १६,०१,५०,०००। जुन कुल वजेटको २३.५२% र पूँजीगत तर्फ-रु. २०,९४,२४,१८७।- जुन कुल वजेटको ३०.७५% रहेको छ ।

चालु तर्फ कार्यक्रम तथा सशर्तको कुल वजेट रु.३१,१४,००,०००। जुन कुल वजेटको ४५.७३ प्रतिशत हुने गरी प्रस्तुत गरेको छु

- मैले प्रस्तुत गरेको वजेटको कार्यान्वयनबाट उपलब्ध श्रोत र साधनको अधिकतम उपयोग र समन्यायिक वितरण भई नगरबासीको जीवनस्तरमा सुधार हुने विश्वास लिएको छु । सार्वजनिक सेवा प्रवाहको प्रभावकारितामा अभिवृद्धि भई सुशासन प्रवर्द्धनमा सहयोग पुग्ने विश्वास लिएको छु ।

अन्त्यमा समृद्ध कञ्चनरुप नगरपालिका वनाउने उद्देश्यका साथ सीमित श्रोत साधनका बावजुद ल्याईएको यस वजेट तर्जुमाको क्रममा अमूल्य सल्लाह सुझाव दिनुहुने नगर प्रमुखज्यू, नगर उप प्रमुखज्यू, वडाध्यक्षज्यू, कार्यपालिका सदस्यज्यूहरु, नगरसभा सदस्यज्यू, राष्ट्रसेवक कर्मचारीहरु, नागरिक समाज, आम सञ्चार जगत र नगरवासीहरु प्रति हार्दिक कृतज्ञता एवम् आभार व्यक्त गर्दै सबै प्रति आभारी हुँदै धन्यावद व्यक्त गर्दछु ।

साथै प्रस्तुत वजेटको सफल कार्यान्व्यनबाट नगरको हित भई प्रभावकारी गुणस्तरीय सेवा प्रवाह हुने तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनमा सरोकारवाला सबैको रचनात्मक सहयोग, सुझाव र सहकार्यको अपेक्षा सहित सबै क्षेत्रबाट सकारात्मक सहयोग र योगदान हुने विश्वास लिएको छु ।

धन्यवाद !

वाह्रौ नगर सभा वैठक : २०८२

वैठक मिति : २०८२।०३।१०

स्थान : श्री कञ्चनरुप नगरपालिका कार्यालको सभाहल, कंचनपुर, सप्तरी

आज मिति २०८२ असाढ १० गते मंगलवार दिउँसो १:०० कञ्चनरुप नगरपालिका नगर कार्यपालिकाको सभाहल कंचनरुप, सप्तरीमा कञ्चनरुप नगरपालिका नगर प्रमख एवं नगर सभाका अध्यक्ष श्री ललन प्रसाद गुप्ताज्यूको अध्यक्षतामा देहायका नगर सभा सदस्यहरुको उपस्थितिमा वाह्रौ नगर सभा वैठक बसी निम्न बमोजिम निर्णयहरु पारित गरियो ।

| सि.नं. | नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ललन प्रसाद गुप्ता | नगर प्रमुख | |
| २ | श्री मुना कुमारी पोखरेल | नगर उप प्रमुख | |
| ३ | श्री रब्बान खाँ | वडा अध्यक्ष | |
| ४ | श्री मेहँदी हुसेन | वडा अध्यक्ष | |
| ५ | श्री गुल्टेन चौधरी थारु | वडा अध्यक्ष | |
| ६ | श्री जोगेन्द्र पासमान | वडा अध्यक्ष | |
| ७ | श्री कैलाश कुमार साह | वडा अध्यक्ष | |
| ८ | श्री वच्चुलाल चौधरी | वडा अध्यक्ष | |
| ९ | श्री समानन्द चौधरी | वडा अध्यक्ष | |
| १० | श्री कृष्ण प्रसाद साह | वडा अध्यक्ष | |
| ११ | श्री दामोदर खड्गा | वडा अध्यक्ष | |
| १२ | श्री रामसुन्दर यादव | वडा अध्यक्ष | |
| १३ | श्री ललित कुमार गोजेवार | वडा अध्यक्ष | |
| १४ | श्री देवी वहादुर खत्री | वडा अध्यक्ष | |
| १५ | श्री तनुक लाल वरही | का.पा. सदस्य | |
| १६ | श्री रंजु कुमारी सरदार | का.पा. सदस्य | |
| १७ | श्री गिता देवी चोधरी | का.पा. सदस्य | |
| १८ | श्री सुरेश कुमार पंजियार | का.पा. सदस्य | |
| १९ | श्री चन्द्रिका देवी खँग | का.पा. सदस्य | |
| २० | श्री सिता कुमारी पौडेल | का.पा. सदस्य | |

| | | | |
|---|---|---|---|
| २१ | श्री मंजु देवी खँग | का.पा. सदस्य | |
| २२ | श्री शोभा पासमान | का.पा. सदस्य | |
| २३ | श्री महिमा कुमारी महतो | वडा सदस्य | |
| २४ | श्री चम्पा देवी सरदार | वडा सदस्य | |
| २५ | श्री कलिम शेख | वडा सदस्य | |
| २६ | श्री दुर्गानन्द यादव | वडा सदस्य | |
| २७ | श्री केन्दुला देवी झा | वडा सदस्य | |
| २८ | श्री गुलाव देवी चौधरी | वडा सदस्य | |
| २९ | श्री कमल किशोर गुप्ता | वडा सदस्य | |
| ३० | श्री इसुफ मन्सुरी | वडा सदस्य | |
| ३१ | श्री हरिहर देवी थारुनी | वडा सदस्य | |
| ३२ | श्री इनद्रजित दास | वडा सदस्य | |
| ३३ | श्री वोधराम वनरैत यादव | वडा सदस्य | |
| ३४ | श्री मन्सा कुमारी चौधरी | वडा सदस्य | |
| ३५ | श्री लक्ष्मण सरदार | वडा सदस्य | |
| ३६ | श्री उमेश प्रसाद साह | वडा सदस्य | |
| ३७ | श्री सोनिता कुमारी सरदार | वडा सदस्य | |
| ३८ | श्री रमानन्द सरदार | वडा सदस्य | |
| ३९ | श्री सतनी कुमारी सदा | वडा सदस्य | |
| ४० | श्री हरिदयाल मुखिया | वडा सदस्य | |
| ४१ | श्री सुमिन्दा देवी सरदार | वडा सदस्य | |
| ४२ | श्री प्रमिला कुमारी राम | वडा सदस्य | |
| ४३ | श्री मो. उमर | वडा सदस्य | |
| ४४ | श्री अबुवकर राईन | वडा सदस्य | |
| ४५ | श्री शिवामाया निरौला अधिकारी | वडा सदस्य | |
| ४६ | श्री कारो देवी सरदार | वडा सदस्य | |

| | | | |
|---|---|---|---|
| ४७ | श्री शिवनारायण साहु तेली | वडा सदस्य | |
| ४८ | श्री आशाराम महतो | वडा सदस्य | |
| ४९ | श्री यमुना खड्का | वडा सदस्य | |
| ५० | श्री मन्जु देवी सरवरिया | वडा सदस्य | |
| ५१ | श्री निरज रौनियार | वडा सदस्य | |
| ५२ | श्री महाविर मण्डल | वडा सदस्य | |
| ५३ | श्री झंझार देवी राम | वडा सदस्य | |
| ५४ | श्री राज कुमार महतो | वडा सदस्य | |
| ५५ | श्री रामेश्वर साहु तेली | वडा सदस्य | |
| ५६ | श्री गिता देवी पासमान | वडा सदस्य | |
| ५७ | श्री वासो देवी सदा मुसहर | वडा सदस्य | |
| ५८ | श्री अवधेश मुखिया | वडा सदस्य | |
| ५९ | श्री मनोज कुमार यादव | वडा सदस्य | |
| ६० | श्री भाल्वी देवी सदा | वडा सदस्य | |
| ६१ | श्री भागवत राउत | वडा सदस्य | |
| ६२ | श्री देवी लाल चौधरी थारु | वडा सदस्य | |
| ६३ | श्री जाल्पा विश्वकर्मा | वडा सदस्य | |
| ६४ | श्री दीपक कुमार भट्टराई | वडा सदस्य | |
| ६५ | श्री जैउदिन मियाँ चुरौटे | वडा सदस्य | |
| ६६ | श्री नवराज खड्का | प्रमुख प्रशासकीय अधिकृत | |